सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: १४

आ.व:२०८२/०८३

मिति: २०८२ फागुन २८, बिहीबार

समय: बिहान ८:०० बजे

स्थान: सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मितिं २०८२ साल फागुन २८ गते बिहीबारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल वमोजिमका निर्णय गरियो।

**उपस्थितिः**

| | |
|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम वहादुर थापा | सदस्य |
| ५. श्री कुल वहादुर थिङ | सदस्य |
| ६. श्री डण्डुप लामा | सदस्य |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य |
| ८. श्री रिता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

**अन्य उपस्थितिः**

१५.श्री रविन्द्र कुरेल - प्रशासन शाखा प्रमुख

१६.श्री सर्मिला थिङ- कार्यालय सहयोगी

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को बारौं कार्यपालिका बैठक

२८ फागुन २०८२

नै.स. ११४६ चिल्लागा ९ बिहीबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना अनुगमन र भुक्तानी सम्बन्धमा। | यस चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भई कार्यान्वयनमा रहेका योजनाहरुको कार्यतालिका बनाई एउटा योजनाको नियमित रुपमा अनुगमन समिति र कार्यालयको तर्फबाट अनुगमन गरी गुणस्तरीय योजना निर्माणलाई प्रथमिकता दिने। साथै अनुगमन स्थलमा नै अनुगमन प्रतिवेदनमा अनुगमन कर्ताहरुलाई हस्ताक्षर समेत गराउने। कार्यसम्पन्न भएका तपसिलका योजनाहरुको भुक्तानी दिने ।<br>तपसिलः<br>१. सादीडाँडा टोल ग्यापक टोल सडक स्तरोन्नति रु. २५,००,०००/- |
| ३ | योजना छनौट र प्राथमिकीकरण सम्बन्धमा। | आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश समपुरक र प्रदेश विशेष अनुदान तर्फको योजनाहरु प्रविष्टि गर्नको लागि तपसिलका योजनाहरु छनौट गरी देहायबमोजिम प्रथमिकीकरण गर्ने।<br>तपसिलः<br>क) प्रदेश समपुरक तर्फः<br>१. साङ्जाखोला बाल मा.वि. भ्वाँसा हुँदै पालिका जाने सडक स्तरोन्नति (क्रमागत)-$P_1$<br>२. धोविखोला आलमपुर मानपुर हुँदै वडा नं. २ को कार्यालय सडक स्तरोन्नति तथा कालोपत्रे योजना-$P_2$<br>३. गुन्सी स्वास्थ्य चौकी भवन निर्माण, सुनापति १-$P_3$<br>ख) प्रदेश विशेष अनुदान तर्फः<br>१. सुनकोशी लिफ्ट खानेपानी योजना, सुनापति ५ (क्रमागत)- $P_1$<br>२. सुनापति गाउँपालिका भित्रको खानेपानी मुहान संरक्षण र सुद्धिकरण तथा अन्य निर्माण सहित वितरण योजना-$P_2$ |
| ४ | सुनापति आधारभूत अस्पताल व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा। | मितिः २०८२ फागुन १७ गते बसेको सुनापति आधारभूत अस्पताल व्यवस्थापन समितिको बैठकबाट निःशुल्क मोतियाविन्दु शल्यक्रिया शिविर मितिः २०८२ फागुन २७ गते र २८ गते सुनापति गाउँपालिकाको आयोजनामा र नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, काठमाडौं र तिलगंगा सर्जिकल सामुदायिक आँखा केन्द्र, रामेछापको सहयोगमा सञ्चालन गर्ने लगायतका निर्णयहरु अनुमोदन |

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप
आ.व.२०८२/०८३ को बारौं कार्यपालिका बैठक

२८ फागुन २०८२
ने.स. ११४६ चिल्लागा ९ बिहीबार

| | | |
|---|---|---|
| | | गर्ने र कार्यान्वयन गर्ने साथै शल्यक्रिया शिविर कार्यान्वयनमा रहेकोले सम्पन्न गरी खर्च रकम तोकिएको शिविर सञ्चालन कार्यक्रमबाट फरफारक गर्ने। |
| ५ | सुनापति खेलकुद विकास समितिको पुनः गठन सम्बन्धमा। | यस सुनापति खेलकुद विकास समितिको पुनःगठन गर्नको लागि प्रत्येक वडाबाट ३/३ जना खेलकुदसँग सम्बन्धित प्रतिनिधिहरु एक जना महिला सहित वडा अध्यक्षहरुको समन्वयमा बोलाई छलफलबाट निश्कर्ष निकाली अर्को कार्यपालिका बैठकबाट समितिको पुनः गठन गर्ने। |
| ६ | विद्यालय स्तरका बालबालिकाहरुको शिविर सञ्चालन सम्बन्धमा। | यस सुनापति गाउँपालिकाको विद्यालय स्तरमा बालबालिकाहरुको श्रवण, दृष्टि(चस्मा समेत), दन्त परीक्षण र रक्त समूह पहिचान तथा उपचार साथै बाथ रोग/मुटु रोग (RHD) स्क्रिनिङ सिविर श्री जनस्वास्थ्य कार्यालय, रामेछापको आयोजनामा र सुनापति गाउँपालिकाको सहयोग तथा समन्वयमा श्री डडु मा.वि.का सबै विद्यार्थिहरु लगायत श्री कुशेस्वर मा.वि. बेथान र श्री कृष्णपुरी मा.वि. रुपाकोटका कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरुलाई सुनापति आधारभूत अस्पतालमा नै ल्याई कार्यक्रम सञ्चालन गर्ने। |
| ७ | सामाजिक सुरक्षा भत्ता नविकरण खर्च सम्वन्धमा। | यस सुनापति गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण अद्यावधिक गर्नको लागि बायोमेट्रिक भेरिफिकेशन लागू गरिएको र सोही प्रणाली मार्फत यस चालु आर्थिक वर्षको लागि लाभग्राही अद्यावधिक कार्य वडा नं. २, ३ र ५ ले काठमाण्डौ उपत्यकामा गई बसोवास गरेका लाभग्राहीहरुको लागि भक्तपुरमा गई कार्यपालिकाले निर्णय गरी तय गरे बमोजिमको कार्यतालिका र स्थानमा सञ्चालन गरी अद्यावधिक गर्ने कार्य सम्पन्न गरेकोमा सो बापतको खर्च वडा कार्यालयबाट भुक्तानी माग गरेबमोजिम गर्ने। |
| ८ | सुरक्षित वैदेशिक रोजगारी र मनोसामाजिक परामर्श सम्बन्धी सेवा प्रवाहको लागी शाखा जिम्मेवारी तोक्ने सम्वन्धमा। | यस सुनापति गाउँपालिकाले हाल संचालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमको सेवा (आप्रवासी स्रोत केन्द्र/सुचना केन्द्र तथा परामर्श, वित्तीय साक्षरता,निशुल्क कानूनी सहायता, सीपमा सहजीकरण,समुदाय सचेतना) लाई संस्थागत तथा एकीकृत गरी दिगो एवंम प्रभावकारी रुपमा संचालन, ब्यवस्थापन तथा विस्तार गर्न यस गाँउपालिकाको रोजगार सेवा केन्द्र अनर्तरगत र मनोसामाजिक परामर्श सेवा स्वास्थ्य शाखा अन्तर्गत संचालन गर्ने निर्णय गरियो सम्बन्धित कर्मचारीहरुले मासिक प्रतिवेदन सम्बन्धित शाखालाई पेश गर्नु पर्ने छ। उक्त शाखाले योजना तर्जुमा,कार्यान्वयन,प्रतिवेदन तथा अनुगमन लगायतको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो। |
| ९ | सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवा प्रवाहको लागी वजेट ब्यवस्थापन तथा निरन्तरता दिने सम्वन्धमा । | वैदेशिक रोजगारमा जानु पर्ने बाध्यतात्मक अवस्थालाई न्यूनिकरण गर्ने तर्फ यस गाउँपालिकाको उच्च प्राथमिकता रहदै आएको भए पनि स्थानिय स्तरमा पर्याप्त रोजगारीको अवसर उपलब्ध नभईरहेको सन्दर्भमा वैदेशिक रोजगारी एउटा विकल्पको रुपमा देखिएको छ साथै वैदेशिक रोजगारी सम्बन्धी वर्तमान |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | अवस्थमाको विश्लेषण गर्दा क्षेत्रलाई सुरक्षित,व्यवस्थित,र मर्यादित बनाउदै वैदेशिक रोजगारबाट प्रप्त लाभको वृद्धि गरि सामाजिक लागत न्युनिकरण तर्फ जोड दिनु पर्ने आवश्यक छ। उक्त विषयलाई मध्यनजर गर्दै हाल संघ प्रदेश र यस गाँउपालिकाको साझेदारीमा संचालित सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी न्युनतम् सेवाहरुलाई संस्थागत रुपमा संचालन गर्न आवश्यक श्रोत व्ययस्थापन गरी सन् २०२८ को जुलाई पछि पनि निरन्तर रुपमा संचालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो । |
| १० | कार्यक्रमको सेवाहरुमा अनुगमन तथा सुपरिवेक्षण सम्वन्धमा । | सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरु(आप्रवासी स्रोत केन्द्र, मनोसामाजिक परामर्श, समुदाय अभिमुखिकरण, परिवारको परामर्श, वित्तीय साक्षरता) को अनुगमन यस गाउँपालिकाको अनुगमनं तथा सुपरिवेक्षण समितिद्वारा कम्तिमा ३ महिनामा एक पटक हुने व्यवस्था गरिने छ। |
| ११ | सहकारी तथा गरीवी निवारण मन्त्रालय संग राय माग गर्ने सम्वन्धमा । | गरीवी निवारणका लागि चेपाङ, दलित र वञ्चीतीकरणमा परेका समुदायको लागि आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम संचालनका लागि मन्त्रालय र यस गाउँपालिका वीच सम्झौता भएर कार्यान्यिनको क्रममा वडा तथा लाभग्राही छनौट भई सकेकोमा लाभग्राहीहरुले इच्छाएको व्यावसायको रुपमा व्यावसायीक वुद्धचित्त मालाको खेति गर्न माग गरेको र हाल सम्म यस क्षेत्रमा उक्तमालाको खेतीबाट राम्रो आम्दानी भएको र हावापानीको दृष्टिकोणले पनि यो गाउँपालिका वुद्धचित्त मालाको लागि उपयुक्त रहेको हुदाँ उक्त माग मार्नसिव देखिएकोले यस गाउँपालिकाका वञ्चितीकरणमा परेका विपन्न परिवारलाई वुद्धचित्त मालाको विरुवा वितरण गर्नको लागि वागमती प्रदेश सहकारी तथा गरीवी निवारण मन्त्रालय संग राय माग गर्ने निर्णय गरियो। |
| १२ | वेसलाईन फाराम प्रयोग गर्ने सम्वन्धमा । | गरीवी निवारणका लागि चेपाङ, दलित र वञ्चीतीकरणमा परेका समुदायको लागि आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत वेसलाईन तथ्याङ्क संकलनको लागि मेड्पा कार्यक्रमको (A) फारम प्रयोग गर्ने निर्णय गरियो। |
| १३ | वेरोजगार सूचीकरण सम्वन्धमा | आगमी आ.व. २०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन चैत्र मसान्तसम्म गाउँपालिका भित्र रहेको वेरोजगारहरु सूचीकरणको लागि प्रचार प्रसार र सूची संकलन गर्ने। |
| १४ | रोजगार तर्फको योजना सम्वन्धमा । | खोड्पा लखपति गाल्पा सडकमा आवगमन असहज भएको कारण खाल्डाखुल्डी पुर्ने र केही स्थानहरुमा सोलिङ गर्नु पर्ने भएको हुदा सो क्षेत्रको लागत अनुमान गरी स्वीकृत तथा कार्यान्वयन गर्ने र सोको लागत खर्च राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत रोजगारी सृजनाको ज्याल रकमवाट खर्च गर्ने निर्णय गरियो। |

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को बारौं कार्यपालिका बैठक २८ फागुन २०८२

नेपाल संवत ११४६ चिल्लागा ९ बिहीबार

| | | |
|---|---|---|
| १५ | कर्मचारी जनप्रतिनिधी संयुक्त समिक्षा कार्यक्रम सम्बन्धमा। | यस गाउँपालिकाको हाल सम्मको कार्य प्रगति, समस्या तथा चुनौती लगायतको विषयमा २०८२ चैत्र ६ गते जनप्रतिनिधी र कर्मचारी संयुक्त सहभागितामा समिक्षा कार्यक्रम संचालन गर्ने निर्णय गरियो । |
| १६ | गलैंचा थान्का कार्यक्रम सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा बागमति प्रदेश सरकारबाट हास्तान्तरित शसर्त अनुदान तर्फको गलैचा र थान्का उद्योग प्रवर्द्धन, सुनापति गा.पा. रामेछापको लागि रु.२५ लाख बजेट विनियोजन भएकोले सो कार्यक्रम तपसिल अनुसार बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने उद्यम विकास समितिको निर्णय अनुमोदन गरी तपसिल अनुसार बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने निर्णय गरियो। कार्यक्रमको लागत अनुमान सहितको प्रस्तावना प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी समयमा कार्यक्रम कार्यान्वयन गर्ने।<br>तपसिलः<br>क) गत आर्थिक वर्ष २०८१/०८२ मा एक महिना गलैंचा सिप विकास तालिम लिएका उद्यमीहरुको लागि थप २ महिना तालिम प्रदान गर्न रु. १२,७५,०००/- (अक्षरुपी बाह्र लाख पचहत्तर हजार रुपैंया) मात्र व्यवस्था गर्ने।<br>ख) थान्का उद्योग प्रवर्द्धनको लागि नयाँ उद्यमी सृजना साथै पुनर्ताजगी सीप विकासको लागि आवश्यक सामाग्रहरु खरिद समेतको लागि रु. १२,२५,०००/- (अक्षरुपी बाह्र लाख पच्चीस हजार) मात्र व्यवस्था गरी कार्यान्वयन गर्ने र कार्यक्रम कार्यान्वयनको प्रतिवेदन प्रदेश मन्त्रालयमा गर्ने। |
| १७ | भुक्तानी सम्बन्धमा। | तपसिलका कार्यहरु सेवा परामर्श खरिद विधिबाट सम्पन्न गरिएकोले अन्तिम प्रतिवेदन स्वीकृत गरी पेश भएको भ्याट बील बमोजिम भुक्तानी दिने निर्णय गरियो<br>तपसिलः<br>क) चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको आन्तरिक स्रोत तर्फको सुनापति गाउँपालिकाको आयोजना बैंक निर्माणको कार्य गर्न सूचिकृत सेवा परामर्शदातामध्येबाट सेवा लिई प्रतिवेदन प्राप्त भएकोले सो प्रतिवेदन स्वीकृत गरी सेवा परामर्श प्रदान गर्ने श्री थेम्मृङ लायकु इन्जिनियरिङ कन्सलटेन्सी प्रा.लि., अमरनगर सु.न.पा. भक्तपुरलाई स्वीकृत बजेट शिर्षकबाट सम्झौता अनुसारको भ्याट बिल बमोजिम भुक्तानी दिने।<br>ख) चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको आन्तरिक स्रोत तर्फको सुनापति गाउँपालिकाको दिर्घकालीन कृषि रणनीति योजनाको कार्य गर्न सूचिकृत सेवा परामर्शदातामध्येबाट सेवा लिई प्रतिवेदन प्राप्त भएकोले सो प्रतिवेदन स्वीकृत गरी सेवा परामर्श प्रदान गर्ने श्री भिजन |